नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
कानून तथा फैसला कार्यान्वयन महाशाखा
सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- २०८०/८१
च.नं.:- का./७११/2043

मितिः २०८०/१२/२०
ने. सं. ११४४ चिल्लागा अष्टमी

सचिवालय

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ, काठमाडौं ।

महान्यायाधिवक्ताको कार्यालय
नेपाल
मूल दर्ता नं.: १३२८२
मिति: १२।२०
फाँटको दर्ता नं.:

विषयः प्रोवेशन तथा प्यारोल सम्वन्धी नीति, २०८० सम्वन्धमा ।

प्रस्तुत विषयमा प्रोवेशन तथा प्यारोल सम्वन्धी नीति, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/११/०६ को निर्णयबाट स्वीकृत भएको हुँदा सो नीतिको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(आश्रृती पोखरेल)
शाखा अधिकृत (कानून)

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-

च.नं. म.बै./३२१/ ४७६२

मितिः २०८०/११/६
नेपाल संवत् ११४४

श्री सचिव (कानून),
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय।

प्रोवेशन तथा प्यारोलसम्वन्धी नीति, २०८० स्वीकृत गर्ने विषय म.प.बै.सं. ५५/०८० मिति २०८०/११/६ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायवमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० स्वीकृत गर्ने विषयको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दर्ता नं. १/४६-०८०/१०/११ को प्रस्ताव म.प.बै.सं. ५३/०८० मिति २०८०/१०/१८ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा "मन्त्रिपरिषद्, विधेयक समितिमा छलफल गरी पेश गर्ने" निर्णय भएअनुसार मिति २०८०/१०/२५ मा बसेको मन्त्रिपरिषद्, विधेयक समितिको बैठकवाट परिमार्जन भएवमोजिम यसैसाथ संलग्न 'प्रोवेशन तथा प्यारोलसम्वन्धी नीति, २०८०' स्वीकृत गर्ने।"

(बैकुण्ठ अर्याल)
मुख्यसचिव

वोधार्थः
श्री सचिव,
मन्त्रिपरिषद्, विधेयक समिति।

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http/www.opmcm.gov.np

# प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८०

१. पृष्ठभूमिः

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४ मा कसुरदारलाई प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको सुपरिवेक्षणमा रहेर सामुदायिक सेवा गर्न आदेश दिन सक्ने, सार्वजनिक रूपमा काम गर्ने गरी वा पीडितको कुनै काममा सहयोग गर्ने समेतको सर्त निर्धारण गरी कैद सजाय निलम्बन गर्न सकिने, कसुरदारलाई सुधार गृहमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा बसी कैद भुक्तान गर्न सकिने, खुला कारागारमा राख्न सकिने तथा प्यारोलमा राख्न सकिने समेतका सजाय कार्यान्वयनसम्बन्धी सुधारात्मक व्यवस्थाहरू उल्लेख गरिएका छन्।

नेपालको कारागारमा कैदी वन्दीराख्न सक्ने क्षमताभन्दा अधिक सङ्ख्यामा कैदी वन्दी रहेको अवस्था एकातर्फ रहेको छ भने अर्कोतर्फ कारागारको भौतिक पूर्वाधार पर्याप्त मात्रामा तत्काल निर्माण गर्न सकिने अवस्था समेत रहेको छैन। पछिल्लो समयमा विश्वव्यापी रूपमा फैलिएको सङ्क्रामक रोगको कारण कारागारमा रहेका कैदीबन्दीलाई पनि सुरक्षित रूपमा राख्ने कार्य चुनौतीपूर्ण भएको छ। सर्वोच्च अदालतले समेत कारागारमा कैदीबन्दीको चाप घटाउन र प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयन गर्नको लागि विभिन्न मुद्दामा आदेशसमेत जारी गरेको छ। उल्लिखित ऐनको दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति नभएसम्मको लागि संवत् २०८० साल कात्तिक १ गतेदेखि लागु हुने गरी सम्बन्धित कारागार प्रशासकलाई प्यारोल अधिकृत तोकिएको छ।

यस परिप्रेक्ष्यमा फौजदारी न्याय प्रशासनको सन्दर्भमा कसुरदारलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्न विकास भएका सजायको आधुनिक अवधारणाको रूपमा रहेको प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनको लागि फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३९ को उपदफा (१) को खण्ड (क) बमोजिम सिफारिस भएको प्रोवेशन तथा प्यारोलसम्बन्धी नीति, २०८० नेपाल सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको छ।

२. विगतका प्रयासः

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ सम्वत् २०७५ भदौ १ गतेबाट प्रारम्भ हुनुअघि पनि कारागार ऐन, २०१९ मा संशोधन गरी सामुदायिक सेवा तथा खुला कारागारसमेतको व्यवस्था समावेश गरिएको पाइन्छ। नेपाल राजपत्रमा मिति २०७७/०६/२३ मा प्रकाशन भएको सूचनाबाट फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को खण्ड (छ) र दफा २४ संवत् २०७७ साल असोज २६ गतेदेखि प्रारम्भ भइ कैद सजाय निलम्बन गर्न सकिने व्यवस्था कार्यान्वयनमा आइसकेको छ। कारागार ऐन, २०७९ मा पनि दण्डका विभिन्न सुधारात्मक अवधारणा समेटिएको छ। साथै, नेपाल राजपत्रमा मिति २०८०/०६/२५ मा प्रकाशित सूचनामा फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७ को खण्ड (च), दफा २९ र दफा ४९ संवत् २०८० साल कात्तिक १ गतेदेखि प्रारम्भ हुने र दफा ४९ बमोजिम प्यारोल अधिकृतको नियुक्ति

नभएसम्मको लागि सम्बन्धित कारागार प्रशासकलाई सो दफाको प्रयोजनको लागि संवत् २०८० साल कात्तिक १ गतेदेखि लागु हुने गरी प्यारोल अधिकृत तोकिएको हुँदा कसुरदारलाई प्यारोलमा राख्न सकिने विषय कार्यान्वयनमा रहेको छ।

३. वर्तमान स्थितिः

जनसङ्ख्याको वृद्धिदर तथा बढ्दै गएका सामाजिक जटिलताको कारण समाजमा अपराधको सङ्ख्या बढ्दै गइरहेकोमा जनसङ्ख्या तथा अपराधको तुलनामा कारागारको क्षमता विकास गर्न सकिएको छैन। कारागार ऐन, २०७९ तथा कारागार नियमावली, २०२० मा कैदीलाई खुला कारागारमा राख्न सकिने तथा सामुदायिक सेवासम्बन्धी व्यवस्था गरिएको भएतापनि नेपालका कारागारमा कैदी बन्दी राख्न सकिने क्षमताभन्दा बढी कैदी बन्दी रहेको अवस्था छ। मुलुकी अपराध संहिता, २०७४ मा कतिपय कसुरमा कसुरदारलाई आजीवन कारावासको सजाय दिने र जन्मकैदको हिसाब गर्दा पच्चिस वर्ष कैद गरिने व्यवस्था गरिएको छ। उक्त व्यवस्थाबाट कारागारमा कैदीको सङ्ख्या थपिन जाने वा थप अवधि कैदमा बस्नु पर्ने भइ कैदीको सङ्ख्याको अनुपातमा कारागार व्यवस्थापन थप चुनौतिपूर्ण बनिरहेको छ। कारागारलाई सुधार गृहको रूपमा विकास गर्नुपर्ने र सजाय भुक्तानका सुधारात्मक तरिकाका रूपमा रहेका प्रोवेशन तथा प्यारोललगायतका कानूनी व्यवस्थाको कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यसै सन्दर्भमा मिति २०७७/०६/२३ र मिति २०८०/०६/२५ मा नेपाल राजपत्रमा प्रकाशन भएको सूचनाबाट कैद सजाय निलम्बन गर्न सकिने र कसुरदारलाई प्यारोलमा राख्न सकिने व्यवस्था कार्यान्वयनमा आइसकेका छन्।

४. समस्या र चुनौती :

कसुरदारलाई सुधार गर्नेभन्दा पनि कठोरतम सजाय दिनु पर्छ भन्ने मान्यतालाई प्रश्रय दिने नेपाली समाजमा कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा वा प्रोवेशन तथा प्यारोलमा राख्दा पीडित पक्ष र समाजले सहज रूपमा लिन सक्ने वातावरण तयार गर्न कठिन छ। नेपालको खुला सीमानाको कारणबाट प्रोवेशन तथा प्यारोलमा छाडिएको व्यक्तिको निगरानी र सुपरिवेक्षण गर्न थप चुनौती हुन सक्ने देखिन्छ। अनुसन्धान, अभियोजन र न्याय निरूपण गर्ने निकाय वा अधिकारी तथा कारागार प्रशासन र प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतविच प्रभावकारी समन्वय हुनुपर्ने देखिन्छ।

प्रोवेशन र प्यारोलसम्बन्धी कानूनी व्यवस्था नेपालको लागि नयाँ भएकोले प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालालाई पर्याप्त जानकारी गराइ आवश्यक प्रशासनिक तथा दक्ष मानव स्रोतको व्यवस्थापन गर्नुपर्ने देखिन्छ। प्रोवेशन, प्यारोल तथा सामुदायिक सेवासम्बन्धी कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्थापन र प्रोवेशन तथा प्यारोलमा रहेका व्यक्तिको सुपरिवेक्षण गरी यथार्थ मूल्याङ्कन गर्ने कार्य पनि चुनौतीपूर्ण देखिन्छ।

५. नीतिको आवश्यकता :

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएको व्यवस्था कार्यान्वयनको लागि प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको व्यवस्था गर्ने, यसको कार्यान्वयनको लागि गर्नुपर्ने अन्य व्यवस्थाको सम्बन्धमा अवलम्बन गर्नुपर्ने नीतिको विषयमा प्रष्ट हुने तथा कार्यान्वयनको लागि आवश्यक सहज वातावरण



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

तयार गर्ने समेत प्रयोजनका लागि यो नीति आवश्यक रहेको छ। प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि गर्नुपर्ने कानूनी सुधारको लागि समेत प्रस्तुत नीतिको आवश्यकता रहेको छ।

६. लक्ष्य :

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन), ऐन २०७४ मा भएका कसुरदारको कैद सजाय निलम्वन गर्न सकिने, सुधार गृह र पुनर्स्थापना केन्द्रमा पठाउन सकिने, सप्ताहको अन्तिम दिन वा रात्रीकालिन समयमा मात्र कारागारमा वसी कैद भुक्तान गर्न सकिने, खुल्ला कारागारमा राख्न सकिने, प्यारोलमा राख्न सकिने र कैद बापत शारीरिक श्रममा लगाउन सकिने समेतका कैद सजाय कार्यान्वयनको सम्बन्धमा गरिएका आधुनिक र सुधारात्मक व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्ने।

७. उद्देश्य :

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा भएको प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नु।

८. नीति :

उल्लिखित उद्देश्य प्राप्तिको लागि देहायका नीति अवलम्वन गरिनेछः-

८.१ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ अन्तर्गत प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था लागु गर्नको लागि आवश्यक तयारी सम्पन्न गर्ने,

८.२ प्रोवेशन अधिकृत तथा प्यारोल अधिकृतको योग्यता, सेवाका सर्त तथा सुविधा निर्धारण गर्ने,

८.३ प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि दक्ष जनशक्तिको विकास गर्ने,

८.४ प्रोवेशन तथा प्यारोल सम्बन्धमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

८.५ प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुग्ने गरी सजायसम्बन्धी अन्य व्यवस्थाको कार्यान्वयन गरी कारागारमा कैदीबन्दीको चाप कम गर्ने तथा कसुरदारलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्ने।

९. कार्यनीतिः

नीति ८.१ फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ अन्तर्गत प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था लागु गर्नको लागि आवश्यक तयारी सम्पन्न गर्ने

१. प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था लागु गर्नको लागि आवश्यक जनशक्ति, आर्थिक तथा भौतिक पूर्वाधार पहिचान गरी सोको सुनिश्चितता गरिनेछ।

२. ऐनका प्रोवेशन तथा प्यारोलसम्बन्धी प्रारम्भ हुन बाँकी दफाहरूमध्ये कार्यान्वयनको सुनिश्चितताका आधारमा क्रमशः प्रारम्भ गरिनेछ।

३. कैद सजाय भोगिरहेका असल चालचलन भएका कसुरदारलाई प्रोवेशन तथा प्यारोलमा राख्ने सम्बन्धी प्रचलित कानूनी व्यवस्था पुनरावलोकन गरिनेछ।

४. प्रोवेशनमा राख्ने व्यवस्था कार्यान्वयनको लागि प्रोत्साहन गरिनेछ।

५. प्रदेशस्तरमा प्रोवेशन तथा प्यारोल बोर्डको गठन गरी उक्त बोर्डलाई सक्रिय बनाइनेछ।



नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

६. प्रोवेशन तथा प्यारोल बोर्डबाट प्रोवेशन वा प्यारोलमा राख्ने मापदण्ड र प्रोवेशन तथा प्यारोलमा बस्ने कसुरदारले पालना गर्नु पर्ने सर्तहरू निर्धारण गरी कार्यान्वयनमा ल्याइनेछ।

**नीति ८.२ प्रोवेशन अधिकृत तथा प्यारोल अधिकृतको योग्यता, सेवाका सर्त तथा सुविधा निर्धारण गर्ने**

१. प्रोवेशन अधिकृत वा प्यारोल अधिकृतको योग्यता, सेवाको सर्त तथा सुविधा निर्धारण गरिनेछ।

२. प्रोवेशन अधिकृत वा प्यारोल अधिकृत नियुक्ति गर्ने वा तोक्ने र निजले गरेको कामको सुपरिवेक्षण तथा मूल्याङ्कन गर्ने संयन्त्र निर्माण गरिनेछ ।

**नीति ८.३ प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनको लागि दक्ष जनशक्तिको विकास गर्ने**

१. प्रोवेशन तथा प्यारोल सम्बन्धमा काम गर्ने जनशक्तिको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गरिनेछ।

२. कर्मचारी, प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनमा संलग्न हुने सरोकारवाला बिचमा समान बुझाइ कायम गर्नको लागि प्रोवेशन तथा प्यारोलसम्बन्धी क्षमता विकासका कार्यक्रम निर्धारण गरी सञ्चालन गरिनेछ।

३. प्रोवेशन तथा प्यारोलको व्यवस्था कार्यान्वयनको निश्चित अवधि व्यतित भएपछि मूल्याङ्कन तथा समीक्षा गरिनेछ।

**नीति ८.४ प्रोवेशन तथा प्यारोलको विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने**

१. कसुर गर्ने व्यक्तिलाई सुधार गरी समाजमा असल नागरिकको रूपमा पुनर्स्थापना गर्न सकिन्छ भन्ने मान्यताको बारेमा समुदायस्तरमा सचेतना फैलाउनको लागि आवश्यक कार्यक्रम विकास गरी कार्यान्वयन गरिनेछ।

२. सामुदायिक सेवा तथा पीडकले पीडितको सेवा गर्न सक्ने अवस्थाको सिर्जना गर्न आवश्यक वातावरण तयार गरिनेछ।

**नीति ८.५ प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुग्ने गरी सजायसम्बन्धी अन्य व्यवस्थाको कार्यान्वयन गरी कारागारमा कैदीबन्दीको चाप कम गर्ने तथा कसुरदारलाई सुधार गरी समाजमा पुनर्स्थापना गर्ने**

१. कैद सजाय निलम्वन गर्न सकिने कानूनको व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

२. कसुरदारलाई सुधार गृहमा राख्नु पर्ने व्यवस्था कार्यान्वयनको लागि आवश्यक सङ्ख्यामा सुधार गृहहरूको व्यवस्थापन गरिनेछ।

३. आवश्यक कानूनको निर्माण तथा पूर्वाधारको विकास गरी सप्ताहको अन्तिम दिन वा रात्रिकालीन समयमा मात्र कारागारमा वसी कैद भुक्तान गर्ने व्यवस्थाको कार्यान्वयन गरिनेछ।

४. खुला कारागारमा राख्न सकिने व्यवस्था कार्यान्वयनको लागि आवश्यक कानून तथा भौतिक संरचना तयार गरी खुला कारागारको व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ।

५. आवश्यक कानून तथा सुरक्षाको व्यवस्था गरी कैद बापत शारीरिक श्रममा लगाउन सकिने व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।



नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

९. कैदीको पुनर्स्थापना तथा सुधारको लागि सिप विकास, शिक्षा, योगा, आध्यात्मिक, नैतिक अनुशासनात्मकलगायतका सुधारात्मक क्रियाकलाप कार्यान्वयनमा ल्याइनेछ।

१०. संस्थागत संरचनाः

यो नीति कार्यान्वयनका लागि प्रोवेशन अधिकृत तथा प्यारोल अधिकृतको नियुक्तिबाहेक प्रोवेशन तथा प्यारोलसम्वन्धी व्यवस्थाको कार्यान्वयनको लागि छुट्टै संस्थागत व्यवस्था गर्नु पर्ने आवश्यकता देखिँदैन। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा नै सङ्घीय प्रोवेशन तथा प्यारोल वोर्ड र प्रदेश प्रोवेशन तथा प्यारोल बोर्ड गरी सङ्घ र प्रदेशस्तरमा अलग-अलग बोर्ड रहेको सन्दर्भमा समेत तत्कालको लागि छुट्टै संस्थागत संरचना आवश्यक पर्ने देखिँदैन।

११. आर्थिक पक्षः

यो नीतिको कार्यान्वयनको लागि प्रोवेशन अधिकृत तथा प्यारोल अधिकृतको पारिश्रमिक तथा सुविधाको लागि आवश्यक आर्थिक स्रोतको व्यवस्था गर्नु पर्ने देखिन्छ। त्यसैगरी, सचेतना कार्यक्रमको लागि र कर्मचारीको क्षमता विकासको लागि आर्थिक स्रोतको आवश्यकता पर्न सक्ने देखिन्छ।

१२. कानूनी व्यवस्थाः

फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मा प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था भइसकेको हुँदा छुट्टै ऐन वनाउनु पर्ने आवश्यकता छैन। पचास प्रतिशत कैद अवधि भुक्तान गरेका र नकारात्मक सूचीमा नपरेका मुद्दाका कसुरदारलाई कैद कट्टी वा छुट वा मिनाहा हुन सक्ने व्यवस्था रहेकोले सो ऐनमा कुनै कसुरदारलाई भएको कैद सजायको दुई तिहाई अवधि कैद भुक्तान गरेपछि मात्र प्यारोलमा छाड्न सकिने गरी भएको कानूनी व्यवस्था कार्यान्वयनमा आउन सक्ने अवस्था देखिँदैन। त्यसैले सो व्यवस्थामा सुधार गरी कसुरदारलाई कैद सजाय भएको तेत्तिस प्रतिशत कैद अवधि भुक्तान गरेपछि प्यारोलमा राख्न सकिने व्यवस्था गर्नु पर्ने देखिन्छ। यसको साथै प्रोवेशन तथा प्यारोलसम्बन्धी कानूनी व्यवस्था कार्यान्वयन गर्न आवश्यक पर्ने प्रक्रियागत व्यवस्थाको लागि नियमावलीको तर्जुमा गरी कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

१३. अनुगमन तथा मूल्याङ्कनः

प्रोवेशन तथा प्यारोलसम्बन्धी व्यवस्था कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको कार्य सङ्घीय प्रोवेशन तथा प्यारोल बोर्ड र प्रदेश प्रोवेशन तथा प्यारोल बोर्डबाट गरिनेछ। साथै, स्वतन्त्र अनुगमनकर्ता वा मूल्याङ्कनकर्ताबाट समेत निश्चित अवधिको अन्तरालमा अनुगमन गरी मूल्याङ्कन गराउने कार्य गर्न सकिने देखिन्छ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं